# COVID-19 खोपहरू: विकास र सुरक्षा

030321 नेपाली

कुनै खोपको विकास गर्न वर्षौं लाग्न सक्छ । तैपनि, COVID-19 गराउने भाइरस पत्ता लागेको एक वर्षभन्दा कम समयमा COVID-19 का खोपहरू आएका छन् । त्यो कसरी भयो?

**यी खोपहरूले तिनलाई परीक्षण गर्ने र सुरक्षाको जाँच गर्नको लागि पूरा गर्नुपर्ने सबै चरणहरू पूरा गरेका छन् भन्ने कुरा थाहा पाउनु महत्त्वपूर्ण छ । कुनै पनि चरणलाई छोडिएको थिएन ।**

COVID-19 खोपहरू कुनै पनि खोपको स्वीकृतिहरूका लागि गरिने सबै सामान्य चरणहरू पार गरेका छन् -- अनुसन्धान, तीन वटा ट्रायल चरणहरू, सावधानीपूर्वक समीक्षा र धेरै स्वीकृतिहरू ।




यसपटक, अनुसन्धानकर्ताहरू, सङ्घीय सरकार र निजी कम्पनीहरू बीचको सहकार्यले गर्दा यसको लागि लाग्ने सामान्य समयलाई छोटाइएको थियो छ । COVID-19 का खोपहरूको लागि प्रक्रिया किन छिटो भयो भन्ने केही कारणहरू यहाँ दिइएका छन्:

- **वैज्ञानिकहरूसँग सुरुवाती लाभ थियो ।** COVID-19 को खोप निर्माण गर्ने प्रयास कोरोना भाइरस (विशेष गरी SARS तथा MERS भाइरसहरू) को प्रारम्भिक विश्वव्यापी अनुसन्धान र खोप प्रविधिमा भएका विकासहरूको जगबाट सुरु भएको हो ।
- **अनुदान उपलब्ध थियो ।** कहिलेकाहीँ खोप अध्ययनको लागि चाहिने रकम भेट्टाउन निकै समय लाग्न सक्छ । COVID-19 को खोपको लागि, सङ्घीय सरकारले खोप विकास गर्ने प्रयासलाई अनुदान दिन तुरुन्तै निकै ठूलो रकम उपलब्ध गराएको थियो ।
- **अध्ययनहरू खप्टिएका थिए ।** अनुसन्धानकर्ताहरूले क्लिनिकल अध्ययनका तीनवटै चरणहरूका लागि एकैपटक मानिसहरूलाई समावेश गरेका थिए । केही हदसम्म थप अनुदान रकमले गर्दा पनि, उनीहरूले एकपछि अर्को चरण नगरिकन अध्ययनका तीनवटै चरणहरूलाई एकैपटक अघि बढाउन सफल भएका थिए ।
- **चाँडै नै उत्पादन सुरु भएको थियो ।** सङ्घीय सरकारको सहयोग पाएर, उत्पादनकर्ताहरूले क्लिनिकल अध्ययनहरू चलिरहेकै बेला खोपहरू बनाउन र प्याकेजिङ गर्न थालिसकेका थिए ।
- **कम प्रशासनिक प्रक्रियाहरू ।** नयाँ COVID-19 खोपहरूको स्वीकृति FDA द्वारा आपतकालीन प्रयोग अनुमति (EUA) अन्तर्गत गरिएको थियो । यसको लागि सामान्य अनुमोदन प्रक्रियाभन्दा निकै कम समय लाग्छ । सङ्घीय स्तरका समूहहरूले खोपहरूको समीक्षा गर्नको लागि कुनै पनि कारणले ढिलाई गरिरहेका छैनन् । उदाहरणको लागि, FDA ले समीक्षा प्रक्रियालाई महिनाहरूबाट छोट्याएर हप्ताहरूमा ल्याउनको लागि धेरै कर्मचारीहरूलाई थप गरेको थियो ।
- **सुरक्षा पहिलो प्राथमिकता ।** यदि अध्ययनहरूले खोप सुरक्षित छ र यसले काम गर्छ भनेर देखाउँछ भने मात्रै यसलाई अनुमोदन गरिन्छ । धेरैभन्दा धेरै मानिसहरूले खोप लगाउँदै जाने क्रममा, FDA र CDC ले खोपको बारेमा थप जानकारी सङ्कलन गर्नेछन् र त्यसले कति राम्ररी काम गर्छ भनेर त्यसको अध्ययनलाई निरन्तरता दिनेछन् ।
- **अध्ययन गरिएका खोपहरूले काम गरेका थिए ।** COVID-19 अत्यन्तै धेरै फैलिएको हुनाले, वैज्ञानिकहरूले खोप नलगाइएका मानिसहरूको तुलनामा खोप लगाइएका कतिजना मानिसहरूलाई COVID-19 लाग्यो भन्ने कुराका बारेमा सहजै अनुसन्धान गर्न सकेका थिए ।



**स्थानीय सूचना प्राप्त गर्नका लागि तपाईंको काउन्टीको वेवसाइटमा "कोभिड-19" खोज्नुहोस् ।**

Clackamas County · Columbia County Oregon · Multnomah County Health Department · Washington County Oregon

## कोभिड-19 खोपको विकासका चरणहरू

खोपका क्लिनिकल अध्ययनहरू

खोप सुरक्षा तथ्याङ्क समीक्षा

खोप निर्माण हुँदैछ



**अनुसन्धान**
अरू कोरोना भाइरहसहरूको अध्ययनहरूको आधारमा निर्माण हुन्छ ।

**चरण 1 क्लिनिकल अध्ययन**
के खोप सुरक्षित छ ?

**चरण 2 क्लिनिकल अध्ययन**
के खोपले काम गर्छ ?

**चरण 3 क्लिनिकल अध्ययन**
के खोप सुरक्षित छ र यसले काम गर्छ ?

क्लिनिकल अध्ययनका चरणहरू खप्टिएका थिए ।

**FDA समीक्षा**
FDA ले तथ्याङ्कमाथि विचार गरेर खोपलाई प्रयोग गर्ने आपतकालीन प्रयोग अनुमति (EUA) प्रदान गरेको थियो ।

**रोगप्रतिरोधात्मक अभ्यासको सल्लाहकार समिति (ACIP) को समीक्षाले**
क-कसले खोप लगाउनुपर्छ भनेर सिफारिश गरेको थियो ।

**उत्पादन**
समीक्षा र स्वीकृतीहरू भइरहेकै बेला उत्पादनलाई प्रारम्भबाट सुरु गरिएको थियो ।

**वेस्टर्न स्टेट्स साइन्टिफिक सेफ्टी रिभ्यु वर्कग्रुपले**
सुरक्षा र प्रभावकारिताको समीक्षा गरेको थियो । (ओरेगन, वासिङ्गटन, क्यालिफोर्निया, नेभाडा)

## हामीले सिक्नुपर्ने अझै धेरै कुराहरू छन्

खोपसम्बन्धी अध्ययनहरू चलिरहेका छन् र अध्ययनहरूबाट हामीलाई पहिलेदेखि नै थाहा भएका कुराहरूमा हरसमय वास्तविक जगतमा भइरहेका जानकारी भइरहेका छन् । अहिलेसम्मको तथ्याङ्कले खोपहरू अत्यन्तै सुरक्षित र प्रभावकारी छन् भन्ने देखाउँछ । COVID-19 को खोपको बारेमा हामीले जान्न आवश्यक रहेका कुराहरू अझै छन्:

- खोपबाट प्राप्त सुरक्षा कति समयसम्म रहन्छ ?
- के खोप लगाइसकेका मानिसहरूले अझै पनि अरूहरूलाई रोग सार्न सक्छन् ?
- के भाइरसमा आइरहने परिवर्तनहरूले गर्दा आउँदा वर्षहरूमा नयाँ खोपहरूको विकास गर्नुपर्ने हुन्छ ?
- करोडौं मानिसहरूले खोप लगाइसकेपछि के हामीले विरलै हुने अन्य कुनै साइड इफेक्टहरूका बारेमा थाहा पाउने छौं ? यदि कुनै दुर्लभ साइडइफेक्टहरू भएमा (अप्रिलमा Johnson & Johnson सँग भएजस्तो), रिपोर्टिङ र समीक्षा प्रक्रियाले वैज्ञानिकहरूलाई यसको तत्काल पहिचान गर्न र त्यसमा काम गर्न दिन्छ ।

यी सबै राम्रा प्रश्नहरू हुन् जसको लागि थप अध्ययन चाहिन्छ । तर ती भनेका अहिले मानिसहरूलाई उपलब्ध रहेको सुरक्षित र प्रभावकारी खोप लगाउन ढिलाई गर्ने कारण होइनन् ।

## तपाईंसँग प्रश्नहरू र मिश्रित भावनाहरू हुन सक्छन्

सायद तपाईं खोपहरू र इष्टमित्र तथा परिवारलाई COVID-19 बाट सुरक्षित राख्ने बारेमा आशावादी हुनुहुन्छ होला । सायद तपाईं आफू खोप लगाउने बारेमा चिन्तित हुनुहुन्छ होला । तपाईं श्वेत जाति बाहेकका जातिहरूको मानिस हुनुहुन्छ भने तपाईंको समुदायको विश्वास पहिले पनि तोडेको चिकित्सकीय प्रणालीबाट आएका खोपहरूलाई तपाईंले विश्वास गर्ने कि नगर्ने भनेर पनि तपाईंले सोचिरहनुभएको हुन सक्नेछ। यस्ता चासोहरू हुनु स्वभाविकै हो । थप जान्नुहोस् र सहायता प्राप्त गर्नुहोस्:

- थप जानकारीको लागि multco.us/covid-vaccine मा जानुहोस् ।
- आफ्नो चिकित्सक वा क्लिनिकसँग कुराकानी गर्नुहोस् । यदि तपाईंको चिकित्सक हुनुहुन्न भने 2-1-1 वा मल्टनोमाह काउन्टी प्राथमिक स्याहार क्लिनिकहरूलाई निम्न नम्बरमा फोन गर्नुहोस्: 503-988-5558
- भावनात्मक सहायता र श्रोत सन्दर्भको लागि ओरेगन स्टेटवाइड सेफ + स्ट्रोङ्ग हेल्पलाइनलाई फोन गर्नुहोस् वा त्यहाँ जानुहोस् । तपाईं सङ्कटमै रहन आवश्यक छैन । 1-800-923-HELP (4357), linesforlife.org/obhsl/